# टोखा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०७७/७८
चलानी नं :- ३३२

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
२०७३

मिति: २०७७/०५/०४

विषय: सार्वजनिक सूचना सम्बन्धमा

**श्री वडा कार्यालयहरु, सबै,**
**टोखा नगरपालिका ।**

उपरोक्त सम्बन्धमा कोरोना भाइरस (Covid-19) को संक्रमण काठमाडौं उपत्यका भित्र दिनानुदिन बढ्दै गैरहेको र टोखा नगरपालिका पनि उच्च जोखिम क्षेत्रमा रहेको यहाँहरुलाई अवगत नै छ । टोखा नगरवासीको स्वास्थ्यलाई सर्वोपारी ठानी सो संक्रमणको रोकथाम, नियन्त्रण तथा पुर्व सतर्कता अपनाउने रणनीतिको रुपमा मिति २०७७/०५/०२ को जिल्ला प्रशासन कार्यालय, काठमाडौंको प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश तथा मिति २०७७/०५/०३ को नगर कार्यपालिका बैठकको निर्णयानुसार नगरवासीको न्यूनतम जीवनयापनलाई सहज बनाउन दैनिक **बिहान ५ बजे देखी ८** बजेसम्म निम्न उपभोग्य सामग्री पसल खोलिने व्यहोरा अनुरोध गरिन्छ ।

**निम्न:**

१. खाद्यान्न पसल
२. तरकारी तथा फलफुल पसल
३. दुग्धजन्य पदार्थ विक्री वितरण गर्ने पसल
४. मासुजन्य पदार्थ विक्री वितरण गर्ने पसल

**नगरपालिकाद्वारा जारी संदेश:**

मिति २०७७/०५/०२ को जिल्ला प्रशासन कार्यालय, काठमाडौंको प्रमुख जिल्ला अधिकारीबाट जारी आदेशको पूर्ण पालना गरौं/गराऔं ।
चाडपर्व आ-आफ्नै घरमा मनाई सिमित बनाऔं ।
घरबाट बाहिर ननिस्कौं, अत्यावश्यक कार्यमा निस्कनै परे अनिवार्य रुपमा माक्सको प्रयोग गरौं ।
सामाजिक दुरी कायम गरौं । सार्वजनिक स्थलमा कम्तिमा २ मिटरको दुरी कायम गरौं ।
नियमित रुपमा साबुन पानीले मिची मिची हात धोऔं । हात धुने अवस्था नभएमा अनिवार्य स्यानिटाईजरको प्रयोग गरौं ।
"Self-quarantine" लाई निरन्तरता दिई आफू पनि बाँचौं, अरुलाई पनि बचाऔं ।

(प्रकाश अधिकारी)
नगर प्रमुख

**बोधार्थ:**

१. श्री जिल्ला प्रशासन कार्यालय, काठमाडौं
२. श्री महानगरीय प्रहरी वृत, महाराजगंज, काठमाडौं
३. श्री महानगरीय प्रहरी प्रभाग, नयाँ बसपार्क / टोखा/ तिलिंगाटार